"हल्दीबारीको दृष्टि, कृषि र पर्यटन मार्फत समृद्धि"

# हल्दीबारी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

झापा
कोशी प्रदेश, नेपाल

प.सः ०८१/८२ (प्रशासन)
च.नं.

मितिः२०८१/०४/२१
ने.सं.:११४४ गुंलाथ्व १ सोमवार

## समुदायमा आधारित पुनःस्थापना सहजकर्ता CBR करारमा लिने सम्बन्धी सूचना

*(प्रकाशित मितिः २०८१ श्रावण २१ गते )*

हल्दीबारी गाउँपालिकाले कोशी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय र उक्त मन्त्रालयले कार्यक्रम सञ्चालनका लागि छनौट गरेको कार्यक्रमको साझेदार संस्थासँगको लागत साझेदारीमा सञ्चालन गर्न लागेको अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमको लागि आवश्यक तपसिलको पदमा खुला प्रतिस्पर्धात्मक परीक्षाद्वारा करारमा लिनुपर्ने भएकाले न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट दरखास्त फाराम भर्न आह्वान गरिएको छ। दरखास्त फाराममा भर्नु पर्ने सम्पूर्ण विवरणहरू भरी पासपोर्ट साईजको फोटो २ प्रति टाँस गरी सो का साथ आफ्नो नेपाली नागरिकता र दरखास्त दिने पदका लागि तोकिएको अन्तिम शैक्षिक योग्यताको ट्रान्सकिप्ट, चारित्रिक प्रमाणपत्र तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सो को साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र समेत संलग्न गरी पन्ध्र दिनभित्र यस कार्यालयमा पेश गर्न हुन सम्बन्धित सबैमा दरखास्त आव्हान गरिएको छ। रित नपुगी पेश भएका दरखास्त उपर कुनै कार्यबाही हुने छैन ।

| विज्ञापन नं. | पद | किसिम | माग संख्या |
|---|---|---|---|
| ०२/२०८१।२०८२ | समुदायमा आधारित पुनःस्थापना (CBR) सहजकर्ता | खुला | १ |
| | | समावेशी (अपाङ्गता) | १ |

१. आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव (अपाङ्गता भएका समावेशी उम्मेदवारको हकमा समेत)

(क) नेपाली नागरिक,

(ख) मान्यताप्राप्त शिक्षण संस्थाबाट न्यूनतम कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको,

(ग) सम्बन्धित स्थानीय तहको स्थायी बासिन्दालाई प्राथमिकता दिइनेछ। तर, छनोट गर्दाका बखत उल्लिखित योग्यता भएका स्थानीय योग्य व्यक्तिबाट निवेदन नआएमा जिल्लाका अन्य स्थानीय तहमा रहेका योग्यता पुगेका उम्मेदवारहरू मध्येबाट यस मार्गदर्शन बमोजिमको प्रक्रिया पुरा गरी सहजकर्ता छनौट गरिनेछ,

(घ) तोकिएको फिल्डमा गएर नियमित रुपमा काम गर्न सक्ने,

(ङ) अपाङ्गता भएका व्यक्तिहरूको घरैमा गएर अपाङ्गता भएका व्यक्ति र निजका परिवारलाई नियमित रुपमा आवश्यक परामर्श, सहजीकरण र समन्वय गर्न सक्ने,

(च) कम्प्युटर तथा कागजी दुवै स्वरूपमा तथ्याङ्क व्यवस्थापन र प्रतिवेदन तयार गर्न सक्ने।

२. तलव, सुविधा तथा अन्य सेवा शर्तः मासिक रु. २५,०००।- (पच्चिस हजार रुपैयाँ मात्र)।

३. उम्मेद्वारको उमेर-

(क) महिला र अपाङ्गता भएका व्यक्तिहरूको हकमा दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष उमेर पुरा भई ४० बर्ष ननाघेको।

(ख) पुरुषको हकमा दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष उमेर पुरा भई ३५ बर्ष ननाघेको।

२०८१/०४/२१

मान ब. वन (महेन्द्र)
प्रमुख प्रशासकीय अधिकृत

Email:haldibariruralmunicipality123@gmail.com website:www.haldibarimun.gov.np

४. उम्मेद्वारको छनोट विधिः लिखित परीक्षा, कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ता।

५. दरखास्त फाराम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थान

(क) यस कार्यालयबाट दरखास्त फाराम प्राप्त गरी उक्त फाराम भरी यसै गाउँपालिकाको प्रशासन शाखामा बुझाउनु पर्ने,

(ख) समावेशी (अपाङ्गता) तर्फ फाराम बुझाउने उम्मेद्वारहरूले प्रचलित कानून बमोजिम जारी भएको अपाङ्गता परिचय – पत्रको प्रमाणित प्रतिलिपि समेत दरखास्त फारामसाथ पेश गर्नुपर्ने छ।

६. परीक्षा दस्तुरः खुला र समावेशी (अपाङ्गता) मध्ये कुनै एक समूहका लागि रू ५००। खुलासँगै समावेशी (अपाङ्गता) सिटमा थप रू २५० गरी जम्मा रु ७५०।

७. परीक्षा दस्तुर बुझाउने प्रक्रियाः गाउँपालिकाको राजस्व शाखामा परीक्षा दस्तुर जम्मा गरी सोको सक्कलै नगदी रसिद दरखास्त फारामसाथ पेश गर्नुपर्ने छ।

८. दरखास्त फाराम भर्ने मितिः २०८१/०४/२२ देखी २०८१/०५/०४ सम्म।

९. परीक्षा सञ्चालन हुने मिति, समय र स्थानः गाउँपालिकाको सूचनापाटी, website मा पछि प्रकाशित गरिनेछ।

१०. पाठ्यक्रमः दरखास्त फारामसँगै प्राप्त गर्न सकिने।

११. शैक्षिक योग्यता, अनुभव तथा अन्य प्रमाणपत्रहरूका सम्बन्धमा दरखास्त साथ बुझाएको प्रमाणित कागजातलाई मात्र मान्यता दिइने छ।

१२. आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार यस पालिकालाई हुनेछ।

१३. दरखास्त फाराम बुझाउने सन्दर्भमा केहि कुरा बुझ्न परे यस कार्यालयको प्रशासन शाखा मार्फत बुझ्न सकिनेछ।

२०८१/०४/२१

मान ब. वन (महेन्द्र)

प्रमुख प्रशासकीय अधिकृत